प्रदेश सरकार

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## कृषि विकास निर्देशनालय

प्रदेश नं १, विराटनगर

# कम्पाउण्डवाल निर्माणकार्यको लागि शिलवन्दी दरभाउपत्र आह्वानको सूचना

**शिलवन्दी दरभाउपत्र नं. ०२-२०७७/७८**

**(प्रथम पटक सूचना प्रकाशित भएको मिति:२०७७।०७।२६)**

१. कृषि विकास निर्देशनालय, प्रदेश न. १ विराटनगरले ठेक्काको प्रकृयाबाट कम्पाण्डवाल निर्माण गराउनुपर्ने भएकोले इच्छुक फर्म, व्यवसायी वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलवन्दी दरभाउपत्र पेश गर्नहुन सम्वन्धित सबैको लागि यो सूचना आह्वान गरिएको छ। उल्लेखित निर्माणकार्यको मु.अ.क. र कन्टिन्जेन्सी रकमबाहेक अनुमानित लागत मूल्य रु.१५,३०,५७४.२१ (अक्षरेपी पन्ध्र लाख तीस हजार पाँच सय चौरहत्तर रुपैयाँ एक्काईस पैसा मात्र) रहेको छ।

२. योग्य निर्माण व्यवसायीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले पन्ध्रौ दिनको अपरान्ह ४:०० बजे भित्रमा रु.१०००। ( दस्तुर (फिर्ता नहुने) तिरी आ.व. ०७७७८ को लागि नवीकरण गरिएको फर्म दर्ता प्रामाणपत्र आ.व. २०७७/७८ को कर चुक्ता प्रमाण पत्र सहित लिखित निवेदन यस निर्देशनालयमा पेश गरी शिलवन्दी दरभाउपत्र सम्वन्धी कागजात खरिद गर्न सक्नेछ।

३. शिलवन्दी दरभाउपत्रहरु यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले सोह्रौ दिनको मध्यान्ह १२:०० बजे भित्र यस निर्देशनालयमा दर्ता गर्नुपर्नेछ। उल्लेखित समयभन्दा ढिलो गरी प्राप्त भएका दरभाउपत्रहरु दर्ता गरिने छैन र मान्य पनि हुने छैन।

४. प्राप्त भएका शिलवन्दी दरभाउपत्रहरु सोही दिन दिउँसो २:०० बजे उपस्थित हुन चाहने निर्माण व्यवसायी र कार्यालयको प्रतिनिधिहरुको रोहवरमा यस निर्देशनालयमा खोलिनेछ।

५. दरभाउपत्रको मान्य आवधि दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ४५ दिन हुनेछ। दरभाउपत्रको साथ रु.४५,००/- (अक्षरेपी पैतालिस हजार रुपैयाँ मात्र) को जमानत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ र त्यस्तो बैङ्ग जमानतको मान्य हुने अवधि ९० दिन सम्मको हुनुपर्नेछ। दरभाउपत्र दाताले जमानत वापत नगद राख्नु परेमा यस निर्देशनालयको कार्यालय कोड नं.३१२०११३०११ उल्लेख गरी प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं १ को रार्ष्ट्रिय वाणिज्य बैंङ्ग, विराटनगरको धरौटी खाता नं २१२०१००२०२०३०००० मा नगद जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैंङ्गहरुले यस निर्देशनालयको नाममा जारी गरेको बोलपत्र जमानत (Bid Bond) शिलवन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

६.दरभाउपत्रदाताले यस शिलवन्दी दरभाउपत्रमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र यस पेशा वा व्यवसाय सम्वन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वघोषणा पत्र उपलब्ध गराउनु पर्नेछ।

७. दरभाउपत्र खरिद गर्ने, पेश गर्ने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ। यस्तो अवस्थामा दरभाउपत्रको जमानतको मान्य अवधि साविककै मिति देखि गणना गरिनेछ।

८. दरभाउपत्र फारममा दररेट अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ। यदि अंक र अक्षरमा लेखेको फरक हुन गएमा अक्षरमा लेखेको रकमलाई मान्यता दिईनेछ। तर प्रदेश सरकारको हित हुने देखिएमा घटी रकमलाई मान्यता दिन सकिने छ। रकम नबुझिने गरी लेखिएको दरभाउपत्रलाई मान्यता दिईने छैन।

९. शिलवन्दी दरभाउपत्र फारममा उल्लेख भएको दरभाउपत्र पेशगर्नेले पालना गर्नुपर्ने नियम अनिवार्य रुपमा संलगन गर्नेपर्ने कागजातहरु एवम् शर्त लगायत यो सुचनामा उल्लेख नभएका विषयहरु शिलवन्दी दरभाउपत्र सम्वन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ।

१०.थप जानकारीको लागि कार्यालय समयभित्र कृषि विकास निर्देशनालय,प्रदेश नं १ विराटनगरको फोन नं. ०२१-५११३५८ र ५१६५६८ मा सम्पर्क गर्न सकिने छ।

११.यस सूचनामा उल्लेखित विषयहरु यसै सूचना बमोजिम र अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ।

**कृषि विकास निर्देशनालय**

**प्रदेश न. १ विराटनगर।**

Scanned by CamScanner